


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com

Kirloskar Oil Engines




अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ असार ०२ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 June 16 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८८

## मधेस प्रदेशको बजेट झन्डै ४२ अर्ब

प्रस, परवानीपुर, १ असार/

मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७९/८० को बजेट बुधवार ल्याउन लागेको छ। संवैधानिक व्यवस्था अनुसार प्रदेश सरकारले आज बजेट ल्याउन लागेको हो।



मधेस प्रदेशका मन्त्री साह बजेट प्रस्तुत गर्दै। तस्वीरः रासस

आर्थिक वर्ष २०७९/८० का लागि करीब ४२ अर्बको बजेट ल्याउन लागिएको छ। चालू आर्थिक वर्षमा ३३ अर्ब ७९ करोड १४ लाख ३० हजार रुपैयाँको बजेट ल्याएको प्रदेश सरकारले आगामी आर्थिक वर्षमा चालू आर्थिक वर्षभन्दा नौ अर्ब बढीको बजेट ल्याउन लागेको प्रदेश सरकारले जनाएको छ।

यसपटक पनि प्रदेश सरकारले भौतिक पूर्वाधार निर्माणमा सबैभन्दा बढी बजेट छुट्याउने भएको छ। अघिल्लोपटक प्रदेश सरकारले शुरू गरेका आयोजनाका लागि बजेट छुट्याउँदा मात्रै पनि पूर्वाधारसँग सम्बन्धित मन्त्रालयको बजेट ठूलो हुने भएको छ। सङ्घीय सरकारले कृषिलाई प्राथमिकता दिएर आगामी आर्थिक वर्षको बजेट ल्याएको छ। मधेस प्रदेश सरकारले पनि कृषि क्षेत्रलाई नै प्राथमिकता दिएर बजेट निर्माण गरेको अर्थमन्त्री शैलेन्द्र साहले बताए।

यसअघि नै सरकारले कृषि क्षेत्रलाई प्राथमिकता दिंदै आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता प्रदेशसभामा पेश गरिसकेको छ। कृषि क्षेत्रको बढ्दो व्यापार घाटालाई लक्षित गरी कृषि तथा पशुपक्षीजन्य वस्तुको उत्पादन वृद्धि गर्न उन्नत बीउ, बेर्ना र उन्नत पशुनश्लको सहज उपलब्धता सुनिश्चित गर्ने, कृषि उत्पादनलाई सहकारी र निजी क्षेत्रको सहकार्यमा प्रशोधन र उद्योगहरूसँग जोड्न नमूना कार्यक्रमको सुरुआत गरिने बताइएको छ।

यस्तै, रासायनिक मलमाथिको परनिर्भरता कम गर्न प्राङ्गारिक मलको उत्पादन र प्रयोग बढाउने, दीर्घकालीनरूपमा माटो सुधार र प्राङ्गारिक खेती प्रवर्धन गर्ने, पशुपक्षी, मत्स्यपालन र तरकारीलगायतका बाली उत्पादन प्रवर्धन कार्यक्रमलाई प्राथमिकता दिने, बाली र पशुपक्षीको बजारीकरणमा सहकारी, निजी तथा अन्तरसरकार समन्वय, सहयोग र सहकार्य गरिने बताइएको छ।

हरेक वडामा टोल क्लिनिक र गाउँपालिकाका सामुदायिक विद्यालयमा एउटा शिक्षकको व्यवस्थालगायतका योजना बजेटमा समावेश गरिएको छ। उनले विकास निर्माणका योजनाहरू मन्त्रालयमा पहुँचको आधारमा वितरण गरिने भएकाले आगामी बजेटमा त्यसलाई निरुत्साहित गरिएको समेत जानकारी दिए।

प्रत्येक जिल्लामा नमूना माध्यमिक विद्यालय निर्माण गर्नुका साथै दलित विद्यार्थीलाई विद्यालयमा टिकाइराख्न उनीहरूको अभिभावकको खातामा केही रकम पठाउने योजनासमेत समावेश गरिएको छ। प्रत्येक पालिकाको स्वास्थ्य केन्द्रमा एकजना एमबिबिएस चिकित्सक राखेर वृद्धवृद्धाका लागि घरदैलो सेवा सञ्चालन गर्ने योजना पनि बजेटमा समावेश गरिएको छ।

प्रदेशको आर्थिक गतिविधिलाई चलायमान बनाउने हिसाबले बजेट ल्याउन लागिएको अर्थमन्त्री साहले जानकारी दिए। विषम परिस्थितिले अर्थतन्त्रमा परेको प्रभावलाई न्यूनीकरण गर्दै आर्थिक गतिविधि गतिशील बनाउनुपर्ने मन्त्री साहको भनाइ छ। मुलुकको पन्ध्रौं आवधिक योजना, प्रदेशको पहिलो आवधिक योजना, दिगो विकासका लक्ष्य, राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता र अठोट तथा प्रदेश सरकारका विगतका नीति तथा कार्यक्रम, जनतासमक्ष गरिएका प्रतिबद्धतालाई पूरा गर्नेतर्फ बजेट लक्षित हुने उनले स्पष्ट गरे। प्रदेश सरकारबाट विगतका वर्षहरूमा अघि सारेका महत्त्वाकाङ्क्षी प्रादेशिक योजना तथा कार्यक्रमलाई कार्यान्वयनमा लैजाने गरी बजेट केन्द्रित हुने उनले जानकारी दिए।

मन्त्री साहले शिक्षा, कृषिको बजारीकरण, भूउपयोग नीति, दुग्ध उत्पादनमा वृद्धि, भूमिको अभिलेख व्यवस्थापन, सिंचाइ सुविधा, उद्योगको स्थापना, प्रवर्धन र विकास जस्ता कुरालाई बजेटमा प्राथमिकता दिइएको बताए।

त्यसैगरी, प्रदेशको मौलिक संस्कृतिको संरक्षण, धार्मिक पर्यटनको विकास, आवासविहीनलाई आवासको व्यवस्था गर्ने गरी बजेट ल्याउन लागिएको उनले जानकारी दिए। यसअघि मधेस प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ मा ३३ अर्ब ७९ करोड १४ लाख ३० हजारको बजेट ल्याएको थियो। त्यस्तै, मधेस प्रदेश सरकारले आर्थिक वर्ष २०७७/७८ मा ३३ अर्ब ५६ करोड ९ लाख ८९ हजारको बजेट ल्याएको थियो। आर्थिक वर्ष २०७६/७७ मा भने ३८ अर्ब ७२ करोड ५६ लाख ६१ हजार रुपैयाँको बजेट ल्याएको थियो।

## ज्येष्ठ नागरिक समाजका गहना -नगरप्रमुख सिंह

प्रस, वीरगंज, १ असार/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले लक्ष्मणवा पार्कलाई गुरुयोजना अनुसार ज्येष्ठ नागरिकमैत्री बनाउने प्रतिबद्धता जाहेर गरेका छन्।




तस्वीरः प्रतीक

ज्येष्ठ नागरिकप्रति दुर्व्यवहारविरुद्ध विश्व जनचेतना दिवसका अवसरमा बुधवार सो पार्कमा आयोजित कार्यक्रममा उनले १०-१५ वर्षपछि आफूहरू पनि आउने ठाउँ यही भएकोले दीर्घकालीन सोचका साथ पार्क निर्माण गरिने बताए। निर्माण योजना कम्तीमा आगामी ५० वर्षको लागि सोचेर बनाउनुपर्छ, त्यसै योजना अनुसार काम हुन्छ, उनले प्रतिबद्धता जाहेर गर्दै भने। उनले गुरुयोजना लिएर आएको खण्डमा आफूले काम अघि बढाउने बताए। नगरप्रमुख सिंहले बालबालिकालाई सानैबाट उचित संस्कार दिएर हुर्काउन सके मात्रै आफू वृद्धवृद्धा हुँदा छोराछोरीले हेला गर्ने अवस्था नआउने बताए।

अभिभावकले कमाउने सन्तानलाई मात्र माया गर्ने तर नकमाउनेलाई हेला मात्र गर्ने प्रवृत्ति रहेको हुँदा त्यो वातावरण निर्माण पनि अभिभावकले गर्न नहुने बताए। उनले ज्येष्ठ नागरिक समाजको गहना भएकाले आफूभन्दा ठूलालाई सम्मान गर्न जबसम्म घरपरिवारमा जनचेतना जागृत हुँदैन, तबसम्म ज्येष्ठ नागरिकप्रतिको हेर्ने र दुर्व्यवहार गर्ने दृष्टिकोणमा कमी नआउने बताए। उनले छोराछोरीलाई हुर्काउन जसरी ज्येष्ठ नागरिकको योगदान हुन्छ, त्यसैगरी नयाँ पुस्ताले पनि ज्येष्ठ नागरिकलाई सहयोग र साथ दिनुपर्ने बताए।

नगरप्रमुख सिंहले जनहितका लागि काम गर्न खोज्दा पनि अड्चन आउने गरेको बताए। वर्षौंदेखि जीर्ण वीरगंज-घण्टाघर क्षेत्रको सडक आफू आएसँगै आम नागरिकको सहजताका लागि बनाउन खोज्दा विभिन्न खाले अड्चन आएको बताए।

अख्तियारले पत्र नै काटेर बोलाएको छ, मैले जीर्ण सडकको मर्मत गर्न खोजेको थिएँ, कसैको गलत गर्न खोजेको थिइनँ, उनले भने। सामाजिक हितका लागि काम गर्दा पनि कोही कसैले त्यो सडक किन बनाइस् भन्ने गरेको देख्दा आश्चर्य लागेको उनले बताए। उनले राम्रो काम गर्दागर्दै पनि अख्तियारले जतिपटक बोलाए पनि आफू नथाक्ने र जनहितको काम जारी राख्ने बताए।

ज्येष्ठ नागरिक सङ्घ, पर्साका अध्यक्ष जगदीशप्रसाद शर्माको अध्यक्षतामा भएको कार्यक्रममा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल, उद्योगी अशोक बैद, ज्येष्ठ नागरिक सङ्घका पूर्वअध्यक्ष पशुपति विक्रम शाह, सङ्घका जीतेन्द्र पुरुष ढकाल, डा रामऔतार खेतान, नेका पर्साका उपसभापति रामनारायण कुर्मी, नेता श्याम पोखरेलगायतको सहभागिता थियो।

## मतदाता नामावली सङ्कलन शुरू

## इमेलबाट पनि नामावली अद्यावधिक गरिने

प्रस, वीरगंज, १ असार/

निर्वाचन आयोगले आगामी प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनलाई लक्षित गरी बुधवारदेखि देशभर मतदाता नामावली सङ्कलन र अद्यावधिक कार्य पुनः शुरू गरेको छ।




तस्वीरः फाइल

सबै निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय एवं ७३ वटै इलाका प्रशासन कार्यालयबाट मतदाता नामावली सङ्कलन गरिने आयोगले जनाएको छ। पेशा, व्यवसाय वा अन्य कुनै कारणले कुनै एक जिल्लामा बसोबास गरिरहेको नागरिकले निजको स्थायी ठेगानामा रहने गरी हाल अस्थायी बसोबास गरिरहेको जिल्लाकै निर्वाचन कार्यालय गई मतदाता

(बाँकी अन्तिम पातामा)

## महानगरले ६४ जना ज्यालादारी कर्मचारी हटायो

प्रस, वीरगंज, १ असार/

वीरगंज महानगरका नवनिर्वाचित नगरप्रमुख राजेशमान सिंहको निर्देशनमा दैनिक ज्यालादारीमा खटाइएका ६४ जना कर्मचारीलाई बुधवारदेखि सेवाबाट हटाइएको छ।

हिजो मङ्गलवार बसेको नगर कार्यपालिकाको बैठकले ज्यालादारीमा खटाइएका कर्मचारीलाई हटाएको हो।

२०७८ वैशाखदेखि वीरगंज महानगरमा कम्प्युटर अपरेटर २१ जना, कार्यालय सहयोगी १६ जना, कूचीकार छजना, फायरमैन पाँचजना, चौकीदार, सबइन्जिनीयर, स्टाफ नर्स, अमिन, हेभी सवारीचालक, अहेब दुई/दुई जना, माली, मेकानिकल हेल्पर, सुपरभाइजर, चैनमैन एक/एक जना गरी ६४ जना कर्मचारीलाई हटाइएको प्रशासन महाशाखा प्रमुख रामकुमार कुशवाहाले बताए।

२०७८ वैशाखदेखि नियुक्त भई दैनिक ज्यालादारीमा कार्यरत उनीहरूलाई असार १ गतेदेखि काममा नआउन भन्दै सेवाबाट हटाइएको हो। महानगरका




तस्वीरः फाइल

प्रमुख प्रशासकीय अधिकृत बलराम भण्डारीद्वारा जारी सूचनामा वीरगंज महानगरपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य चौकी/केन्द्रमा २०७८ वैशाखमा नियुक्त भई दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीलाई अर्को व्यवस्था नभएसम्म २०७९ असार १ गतेदेखि लागू हुने गरी ज्यालादारी सेवाबाट हटाइएको उल्लेख छ।

दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरू कार्यालयमा दिउँसो १२/१ बजे आउने, हाजिर गर्ने, काममा ध्यान नदिने गुनासा बढेपछि हटाइएको बताइएको छ।

## छोटकरी

### सम्पादक शत्रुघ्न नेपाललाई मातृशोक

प्रस, वीरगंज, १ असार/

प्रतीक दैनिकका सम्पादक शत्रुघ्न नेपाललाई मातृशोक परेको छ।



नेपालकी आमा पद्मा नेपालको ९३ वर्षको उमेरमा निधन भएको हो। नेपालकी आमा विगत चार/पाँच दिनदेखि बिरामी थिइन्। उनको छपकैयास्थित निजी निवासमा आज साँझ निधन भएको हो। उनका दुईजना छोरा र चार छोरी छन्।

## विचारसार एवं सूक्तिहरु

**मन पनि झुक्नु जरुरी छ, शिर मात्र निहुर्‍याएर भगवान् प्राप्त हुँदैनन् ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# पार्किङको समस्या

**वीरगंजको सम्पूर्ण संरचनामा ठूलो परिवर्तन नल्याई यहाँको पार्किङ समस्या समाधान हुन सक्दैन । पुरानो र अव्यवस्थित शहर छ, सडकहरू साँघुरा छन्, नागरिकमा चेतनाको कमी छ, नियम पालनतर्फ कसैको रुचि छैन, ट्राफिक व्यवस्थापन गर्ने निकायको जनशक्ति कमजोर छ, वर्ष वा महीना होइन, दिन प्रतिदिन सवारी साधनहरू थपिंदा छन् । यस्तो विडम्बनापूर्ण अवस्थामा शहरको ट्राफिक सन्तुलनलाई कसैले पनि नियमित पार्न सक्दैन । ट्राफिक व्यवस्थापनको अभावमा पार्किङ समस्या सबैको टाउको दुखाइ बनेको छ । हाम्रो नगरवासीमा १०० मिटर पनि हिंड्न सक्ने जाँगर छैन । कहीं कतै पार्किङ छ भने खाली देखिन्छ, सडकको एकातिर भने मिलौं लामो पार्किङ देखिन्छ । शहरको संरचना अवैज्ञानिक त छ नै, सुधारतर्फ पनि कसैको ध्यान गएको देखिन्न । कि सोच नै छैन वा दृष्टिकोणको अभाव छ। यो पनि हुन सक्छ कि जस्तो चलिरहेको छ, त्यसैमा सबैलाई सन्तुष्टि छ । अभाव पनि छ, अव्यवस्था पनि छ, यस्तो अन्तर्घुलन भएको वातावरण बाँच्ने बानी परिसकेको छ, नगरवासीलाई ।**

**जीव विज्ञानीहरूले पत्ता लगाएका छन् कुनै भ्यागुतालाई तातो पानीको भाँडोमा हालिदियो भने ऊ उफ्रेर भाग्छ । तर एउटा पानी भएको भाँडोमा भ्यागुता राखेर त्यसलाई बिस्तारै तताउँदै जाने हो भने नमरुन्जेल भ्यागुता भाग्ने कोशिश गर्दैन । नगरवासीको मानसिकता त्यसै अवस्थामा पुगिसकेको छ, त्यसैले सडक फराकिलो पार्ने चर्चा चल्नेबित्तिकै शहरमा कोकोहलो मच्चन थाल्छ । यस्तो लाग्दछ मानौं शहरको अस्तित्व नै मेटिंदै छ; शहर पुरातन मोहनजोदडोको नियति भोग्ने अवस्थामा पुगि नै हाल्छ । अनि देखाउनका लागि 'नो पार्किङ' बोर्ड लगाउने, केही दिन सक्रियता देखाउने र अन्ततः हरेश खाएर बस्ने । पहिलो कुरा त पर्याप्त पार्किङ स्थल छैन, दोस्रो कुरा तमाम शहर मानौं एकै ठाउँमा गुजुल्टिएको छ । भए भरका बैंक, उद्योग प्रतिष्ठानका कार्यालय, व्यापार–व्यवसाय, सामान ओसार्ने, मानिस ओसार्ने तीव्र गतिदेखि सुस्त गतिका साधनहरूको एउटै बिन्दुमा सम्मिश्रण भएपछि के हविगत हुन्छ ? त्यही हविगत जुन अहिले वीरगंजले भोगिरहेको छ । यसमा बिस्मात्को कुनै कुरा छैन ।**

**दार्शनिक शब्दावली प्रयोग गर्ने हो भने वीरगंज तपोभूमि हो । यहाँ बस्ने मानिसहरू तपस्वी हुन् । तपस्वी हुनु बडो कठिन र दुष्कर कार्य हो । सामान्य मानिसले सोच्न पनि नसक्ने कष्ट महसूस नै नगर्ने व्यक्ति हो तपस्वी । अनि वीरगंजका बासिन्दाजस्तो दुष्कर, कठिन भोग कसले गरेको छ ? जतिसुकै पनि सास्तीलाई महसूस नै नगरेर भोग्नु ठूलो पुरुषार्थ हो । सास्तीबाट छुटकारा पाउन त अर्को पुरुषार्थ गर्नुपर्छ । तर होइन, पहिलो नै पुरुषार्थ काफी छ भने दोस्रो किन गर्ने ? दोस्रो पुरुषार्थ भनेको वीरगंजलाई फराकिलो बनाउने, वीरगंजका सडकहरू फराकिलो बनाउने, वीरगंजमा केन्द्रित जनबहुल क्षेत्रको व्यापार–व्यवसाय विकेन्द्रित गर्ने, छुट्टाछुट्टै व्यवसायको छुट्टाछुट्टै कोलोनी बनाउने हो । एउटा सहनुको दाँजोमा यतिका काम गर्नु गाह्रो छ । जस्तो पनि सास्ती सही दिने, जतिसुकै पनि अप्ठचारो, निधार नखुम्च्याई पार पाउनुजस्तो एकल पुरुषार्थ गर्न छाडेर पुरुषार्थहरूको जञ्जालमा किन फस्ने ? आदर्शनगरमा एउटा पार्किङ छ, सवारी साधन त्यहाँ राखेर किन पैदल डुल्ने ? जहाँ पायो, सवारी साधन अड्यायो, अरूलाई दुःख दियो आफूले सास्ती सह्यो पुग्यो ।**

# ग्रामीण गरीबी : कारण र निवारण

स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**सबै पालिकामा गरीबी छ, तर सबै पालिकामा गरीबीको कारण हुबहु एउटै नहोला र हुबहु एउटै तरीकाले गरीबी र असमानता हटाउन पनि सकिन्न । यसकारण गरीबी र असमानता कम गर्न वा हटाउन जतिसम्म सम्भव हुन्छ, पालिका सरकारले आउँदो बजेटमा प्रयास गर्नुपर्ने देखिन्छ ।**

अहिले स्थानीय सरकारहरूलाई बजेट बनाउने चटारो छ । बजेट बनाउन तथा त्यसलाई चलाउन संलग्न हुनेहरूको आँखा बजेटमा र बजेटमा संलग्न हुन नसक्नेहरूको आँखा अहिले खेततिर रहेको छ । बजेटतिर आँखा हुनेको लागि अहिले असार पनि हो र मङ्सिर पनि हो तर किसानका लागि अहिले असार मात्र हो । बजेटतिर आँखा हुनेका लागि अहिले असार यस कारण हो कि पालिका सरकारले अहिले बजेट विनियोजन गर्दैछ । बजेट विनियोजन गर्नुको अर्थ हो आगामी आर्थिक वर्षमा कसरी र कति बजेट चलाउन सकिन्छ भन्नेतिर असारे आँखा हुनु र असार मसान्तसम्म बजेट चलाउनुपर्ने भएकोले आर्थिक वर्षको अन्तिम महीनामा बजेटतिर मङ्सिरे आँखा पनि लगाएका छन् ।

बजेटको निर्माण भइरहेको सन्दर्भमा मुख्यगरी गाउँपालिकाहरूले र नगरपालिका भए पनि गाउँजस्तै रहेका नगरपालिकाहरूले गरीबी निवारणका लागि बढी केन्द्रित हुनुपर्ने सबैले बताइरहेका छन् । धेरैको सुझाव पनि यस्तै छ कि गरीबी निवारण नभएसम्म वास्तविक अर्थमा देशको विकास हुन सक्दैन र अझ पछिल्लो चरणमा त यो पनि खुब चर्चामा रहेको छ कि विकासको अर्थ सडककै विकास हुनुलाई मात्र लिइनु हुन्न । भौतिक पूर्वाधार विकासको रूप होइन भन्ने होइन तर भौतिक पूर्वाधारलाई मात्र विकासको परिभाषामा समेटिन नहुने रायलाई पनि उचित मान्नुपर्छ । विकासको विभिन्न आयाम भए पनि आखिरमा गरीब यदि गरीब नै रहन्छ भने विकासको प्रतिफल कोसम्म पुग्यो भन्ने प्रश्न पनि रहिरहन्छ । यस कारण विकासको प्रतिफल नितान्त गरीबसम्म पुग्यो भने देशबाट बिस्तारै गरीबी कम हुँदै जान्छ र देशलाई विकसित देशको बाटोमा अर्थात् समृद्धितिर गएको सबैले देख्न पाउने छन् ।

देशको गरीबी कुनै जादूको छडीले हटाउन सकिंदैन । निस्सन्देह गरीबी उन्मूलनका कारण बुझेर हरेक कारणको निवारण गर्ने सार्थक प्रयत्न भयो भने गरीबी निवारण गर्ने वातारण बन्न थाल्ने निश्चित छ । हाम्रो देशको भौगोलिक अवस्था, अशिक्षा, असमानता, रूढिवादी संस्कार, कृषिमा आश्रित समाजजस्ता कारणले गर्दा गरीबी र असमानता बढेका छन् । यद्यपि देशमा गरीबीका प्रमुख कारणहरूमा देशमा व्यापक बेरोजगारी, कृषि हेपिएको पेशाको रूपमा लिइनु, कृषिको न्यून उत्पादकत्व हुनु, प्रतिकूल भौगोलिक अवस्था हुनु, उब्जाउने वर्गको भूमिमाथि पहुँच नहुनु, देशमा पूँजीप्रधान प्रविधिको अभाव हुनु तथा प्राप्त अवसरमा पनि असमानता हुनु आदि हुन् । यसैगरी, हाम्रो देशको न्यून आर्थिक वृद्धिदर, विभिन्न क्षेत्रमा विभेदीकरणको विकराल अवस्था हुनु, राजनीतिक अस्थिरताको दुष्चक्रबाट देशले मुक्ति पाउन नसक्नु तथा सामाजिक–सांस्कृतिक तत्त्वहरूले गर्दा पनि देशमा गरीबी र असमानता बढेको छ । हाम्रो संस्कृतिमा तिलक र दहेज दिनुपर्ने, अर्काको देखासिकी गरेर तडकभडकपूर्ण सांस्कृतिक तथा सामाजिक चाडपर्व मान्नुपर्ने, ऋण लिएर भएपनि भोजभतेर गर्नुपर्ने तथा पारिवारिक कार्यहरूमा अनावश्यक खर्च गरेर आफूलाई गरीब बनाउने काम गर्दा पनि देशमा गरीबी बढेको कुरो सबैले बुझेको हुनुपर्छ ।

गरीबीले मानिसमा नकारात्मक भावना जन्माउँछ । असमानताले पनि मानिसमा विद्रोहको भाव वा बदलाको भाव जन्माउँछ । गरीबी र असमानता दुवै छ भने समाज वा देशलाई अगाडि बढ्नबाट रोक्ने अनेक परिणाम देखिन्छ । व्यक्तिको तहमा गरीबी र असमानताले निराशा, कुण्ठा, आवेश, पीडा, त्रास, ग्लानि, मानसिक तनाव जन्माउँछ । यसैगरी व्यक्ति आर्थिकरूपमा कमजोर भएपछि शारीरिक, मानसिक र बौद्धिक रूपमा कमजोर बन्दै जान्छ । साथै आफैंले वा समाजले चाहेको जस्तो सकारात्मक परिणाम दिने काम व्यक्तिबाट सम्पन्न हुन सक्दैन । यसर्थ गरीबी र असमानताले प्रतिभा पलायन हुने, श्रमको न्यून उत्पादकत्व हुने, अत्यधिक बसाइँसराइ हुने समस्या देखिन्छ । यसैगरी स्रोत र साधनको दुरुपयोग बढी हुने, आन्तरिक कलह भइरहने, देशमा बेरोजगारी बढी हुने र बेरोजगारीले सामाजिक तथा आर्थिक असमानता बढी हुने हुन्छ । यी सबको धरातलमा समाजमा सामाजिक अपराधको मात्रा बढी हुन्छ । यसैगरी कमजोर जनशक्ति हुने तथा गरीबको घरमा भोकमरी तथा कुपोषणको समस्या झन् बढी देखापर्ने हुन्छ । नेपालको तराई मधेसमा चेलीबेटी बेचबिखनको समस्या त देखिंदैन तर गरीबी र असमानताकै कारण साना बालबालिकालाई श्रममा लगाउने, विभिन्न उद्योगका काम गर्न घरभन्दा निकै टाढा शहरमा पठाउनेजस्ता काम भएको पाइन्छ भने पहाडमा चेलीबेटी बेचबिखनमा केही हदसम्म गरीबी र असमानताले पनि भूमिका खेलेको हुन्छ । यसैगरी आर्थिक दुर्बलतादेखि शारीरिक कमजोरीसम्मको परिणाम पनि देखिन्छ अनि मानिसमा एक्लोपनको भावनाको विकास हुन्छ । शक्तिहीनताको अनुभूति हुने पनि सम्भावना रहन्छ ।

गरीबीका अनेक कारण हुन सक्छन् तर गरीबलाई निरन्तर गरीब बनाइरहने प्रणालीले पनि गरीबी उन्मूलन हुन दिएको छैन । गरीबी र असमानता एक अर्काका पूरक हुन् । यस कारण देशबाट गरीबी र असमानता हटाउने खालका योजनामा बजेट केन्द्रित गर्नुपर्छ । गरीबी र असमानता अहिलेकै अवस्थामा कायम रहने हो भने सर्वसाधारणमा असन्तुष्टि पनि बढी नै रहने देखिन्छ । यसको कारण यो पनि हो कि सबैभन्दा असन्तुष्ट उही हुन्छ, जसले खासै केही पाउन सक्ने अवस्था हुँदैन । अहिलेको स्थानीय सरकारलाई हेर्ने हो भने अधिकांश ठाउँमा नयाँ अनुहार आएको छ । नयाँ अनुहार आउनुमा त्यही असन्तुष्टि मुख्य कारण देखिन्छ । गरीबी कम गर्न र असमानता बढ्न नदिन एकैचोटि सम्भव नहोला, तर गरीबी कसरी हटाउन सकिन्छ भन्ने कार्ययोजना लिएर यदि स्थानीय सरकारले बजेट निर्माण गर्ने हो भने धेरै हदसम्म गरीबी कम गर्न सकिन्छ । यसबाट गरीबी निवारणको दिशामा सफलता र देश समृद्धि र समानताको बाटोमा अगाडि बढ्ने केही भरोसा हुन्छ ।

हाम्रो देशको मुख्य समस्या अव्यवस्थित बसाइँसराइ तथा जनसङ्ख्या नियन्त्रण हो । जनसङ्ख्या नियन्त्रण गर्नु राम्रो हुन्छ । स्थानीय सरकारले जनसङ्ख्या नियन्त्रण सोझै गर्नुभन्दा वैकल्पिक विधि अपनाएर केही हदसम्म भूमिका खेल्न सक्छ । पूँजी निर्माण ठूलो समस्या हो तर पालिका सरकारले पूँजी निर्माणको क्षेत्रमा भने सकारात्मक काम गर्नैपर्छ । यसैगरी ग्रामीण पूर्वाधारको विकासमा स्थानीय सरकारले विशेष ध्यान दिनुपर्छ । पालिकाभित्र उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग गर्नुपर्दछ तर वातावरणमा नकारात्मक प्रभाव पर्नेगरी होइन । यसैगरी कतिसम्म सम्भव हुन्छ, भूमिको समान वितरणतर्फ पालिका सरकारले ध्यान दिन सक्नुपर्छ । तर पालिका सरकारले गर्न सक्ने भनेको कृषिको आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण हो । यसबाट कृषकलाई सोझै लाभ पुग्नुका साथै कृषिमा आधारित उद्योग स्थापनामा सहयोग पुग्ने हुन्छ भने ग्रामीण बेरोजगारी समस्या पनि समाधान हुन्छ । यसैगरी सम्भव भएसम्म रोजगारको अवसर सिर्जना गर्नुपर्दछ र रोजगारको अवसर सिर्जना गर्दा विपन्न समुदाय वा परिवारलाई लाभ पुग्ने प्रशस्त योजनाहरू प्राथमिकतामा राख्नुपर्छ । विपन्न लक्षित तालीम तथा योजना निर्माण गर्नुपर्छ । गरीबको सहभागिता र पहुँचमा वृद्धि हुन सक्ने कार्यक्रम तर्जुमा गर्नुपर्छ । स्थानीय तहमैं कतिसम्म सम्भव हुन्छ, असल शासनको अनुभूति दिलाउन सक्नुपर्छ ।

अझ सम्भव छ भने गरीबी निवारणका लागि के कस्ता काम गर्न सकिन्छ भनेर आफ्नो विशिष्टतामा विचार पुर्‍याउनुपर्छ । सबै पालिकामा गरीबी छ, तर सबै पालिकामा गरीबीको कारण हुबहु एउटै नहोला र हुबहु एउटै तरीकाले गरीबी र असमानता हटाउन पनि सकिन्न । यसकारण गरीबी र असमानता कम गर्न वा हटाउन जतिसम्म सम्भव हुन्छ, पालिका सरकारले आउँदो बजेटमा प्रयास गर्नुपर्ने देखिन्छ ।

# चुरे पर्वत शृङ्खलाको संरक्षण नै तराई मधेसको सुनिश्चित भविष्य

जीतलाल श्रेष्ठ, निजगढ, १ असार/

चुरे पर्वत शृङ्खला विश्वका अन्य पहाडभन्दा निकै कान्छो हो । यसको प्राकृतिक आनीबानी चञ्चले स्वाभावको छ । यसलाई कोही कसैले नचलाए, नकोट्याए पनि साना–ठूला पहिरो वार्षिक करीब सात हजारको सङ्ख्यामा जाने अनुमान छ ।

ढुङ्गा, माटो, बालुवा, गेग्रानबाट बनेको यसको भूबनोट एकदमै कमजोर मात्रै होइन, अति नै संवेदनशील पनि छ । यो पाकिस्तानको इन्डस नदीदेखि भारतको ब्रह्मपुत्र नदीसम्म फैलिएको छ । यसलाई शिवालिकको नामले पनि चिनिन्छ । यसको उत्पत्ति चार करोड वर्षअघि भएको अनुमान छ । चुरेको अति विशेष महत्त्व नेपालमा छ । यो तराई–मधेसबाट उत्तरतर्फ देखिने र महाभारत पहाडबाट दक्षिणतर्फ देखिने कहीं अग्लिएको, कही होचिएर भुइँमा नै छुन थालेको देखिने पहाड नै चुरे पर्वत शृङ्खला हो ।



नदीजन्य पदार्थ उत्खनन गरी सङ्कलन गरिएका गिट्टी, बालुवा । तस्वीर : प्रतीक

प्रकृतिको अनुपम चुरे पर्वत शृङ्खला हाम्रोलागि प्राकृतिक उपहार हो । यसको दिगो संरक्षण गर्नु हामी सबैको साझा कर्तव्य हो । चुरे, तराई–मधेसको जीवनरेखा हो । जसको संरक्षणले अन्नभण्डारको रूपमा रहेको तराई–मधेसको भविष्य सुरक्षित रहन्छ । जबसम्म चुरेलाई हराभरा बनाउन सकिंदैन, तबसम्म हामीले चाहे जति लाभ पाउन सक्दैनौं । यसको दिगो संरक्षण अनिवार्य शर्त हो ।

यसको भौगोलिक क्षेत्र हिमालय पर्वत शृङ्खलाको महाभारत श्रेणीदेखि दक्षिणी भागमा फैलिएको छ । पूर्वमा इलामदेखि पश्चिममा कञ्चनपुरसम्म ३६ जिल्लामा फैलिएको छ । यसले नेपालको कुल भूभागको १२.७८ प्रतिशत ओगटेको छ । चुरे पहाडी क्षेत्रमा वन, झाडी, घाँसे मैदानले ढाकेको क्षेत्र निकै बढी छ । तराई–मधेसमा भने कृषि क्षेत्रले ओगटेको क्षेत्र बढी छ ।

चुरे पर्वत तराईको भूभागको लागि मात्र होइन, यहाँको मानवजीवन, जीवजन्तु, चराचुरुङ्गीलगायत हरेक प्राणीका लागि पानीको मुख्य आधार क्षेत्र हो । चुरेको संरक्षणविना पानीको स्रोत संरक्षण हुँदैन । पानीविना तराई–मधेसको मानव जीवनको सजीव कल्पना र उर्वर खेतीयोग्य जमीन बन्दैन ।

पछिल्लो तथ्याङ्क अनुसार दुई दशकअघि चुरेको आसपासमा रहेका तराई–मधेस र दूनका ३० वटा जलवायु मापन केन्द्रमा झन्डै ३० वर्ष लगाएर वर्षाको मापन गरिएको थियो । सो वर्षा मापनका आधारमा सबैभन्दा बढी वर्षायाममा लगभग ८४ प्रतिशत त्यसपछि गृष्मयाममा नौ, शरदयाममा चार र हिउँदयाममा तीन प्रतिशत वर्षा भएको

(बाँकी चौथो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# यस्तो थियो सातवटै प्रदेश सरकारको चालू आवको बजेट

काठमाडौं, १ असार/

संवैधानिक प्रावधान अनुसार सात वटा प्रदेश सरकारले आज आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्ने भएका छन् ।

सातवटै प्रदेश सरकारले आज अपराह्न आगामी आर्थिक वर्षको विनियोजन विधेयक २०७९ प्रदेशसभामा प्रस्तुत गर्ने कार्यक्रम छ । सङ्घीय सरकारले जेठ १५ गते नै बजेट प्रस्तुत गरिसकेको छ भने संवैधानिक व्यवस्था अनुसार प्रदेश सरकारले आज बजेट प्रस्तुत गर्न लागेका हुन् ।

चालू आवका लागि गण्डकी प्रदेश सरकारले रु ३० अर्ब तीन करोड ९४ लाखको बजेट ल्याएको थियो । त्यसमा रु १३ अर्ब छ करोड ४७ लाख चालूतर्फ र रु १६ अर्ब ७३ करोड ४६ लाख पूँजीगत तथा २४ करोड वित्तीय व्यवस्थापनतर्फ विनियोजन गरिएको थियो । त्यसमा सङ्घीय सरकारले वित्तीय समानीकरण अनुदान रु सात अर्ब ४२ करोड पाएको थियो । सशर्त अनुदान रु चार अर्ब १८ करोड, समपूरक अनुदान रु ८७ करोड, विशेष अनुदान रु ५४ करोड, राजस्व बाँडफाँट रु सात अर्ब ६२ करोड र रोयल्टीबाट रु ३० करोड पाउने प्रदेश सरकारको अनुमान थियो ।

प्रदेशले रु चार अर्ब ९७ करोड आन्तरिक आम्दानीबाट बेहोर्ने र यस वर्ष खर्च नहुने रु दुई अर्ब १० करोड पनि बजेटमा समावेश गरिएको थियो । अपुग रु दुई अर्बमध्ये आन्तरिक ऋण रु एक अर्ब र नेपाल सरकारबाट रु एक अर्ब ऋणबाट बेहोरिने उल्लेख थियो ।

यस्तै सुदूरपश्चिम प्रदेश सरकारले रु ३० अर्ब ३३ करोडको बजेट प्रस्तुत गरेको थियो । कुल विनियोजितमध्ये चालू तर्फ रु दश अर्ब ६६ करोड नौ लाख तीन हजार र पूँजीगततर्फ रु १७ अर्ब ६५ करोड ४० लाख ५२ हजार थियो । विनियोजनमध्ये अन्तर्सरकारी वित्त हस्तान्तरण अन्तर्गत रु एक अर्ब ७२ करोड ४५ लाख, वित्तीय व्यवस्थातर्फ रु ३० करोड विनियोजन गरिएको थियो । प्रदेश सरकारले आव २०७७-०७८ का लागि रु ३३ अर्ब ३८ करोड १३ लाख ४८ हजारको बजेट विनियोजन गरेको थियो ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोतमध्ये आन्तरिक राजस्व परिचालनबाट रु एक अर्ब आठ करोड तीन लाख २२ हजार, नेपाल सरकारबाट राजस्व बाँडफाँट भई प्राप्त हुने अनुमानित रकम रु सात अर्ब ९२ करोड ९१ लाख, सङ्घीय रोयल्टी बाँडफाँट भई प्राप्त हुने रु तीन करोड ९४ लाख ६३ हजार प्राप्त हुने अनुमान गरिएको थियो ।

यस्तै सङ्घीय सरकारले वित्तीय समानीकरण अनुदान रु आठ अर्ब ५४ करोड ४० लाख र चालू आर्थिक वर्षको विनियोजनबाट बचत हुने अनुमानित रकम समेतबाट प्राप्त हुने रु छ अर्ब ६८ करोड ३० लाख ६१ हजार, सशर्त अनुदानबाट प्राप्त हुने रु चार अर्ब १९ करोड ३३ लाख, सङ्घीय सरकारबाट समपूरक अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रु एक अर्ब २२ करोड ९४ लाख, विशेष अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रु ६१ करोड ३५ लाख र विकास साझेदारबाट बजेट प्रणालीमार्फत परिचालन हुने सहायता रकम रु दुई करोड ४६ लाख १० हजारसमेत प्राप्त हुने अनुमान गरिएको थियो ।



कर्णाली प्रदेशसभाको बैठकमा बुधवार आर्थिक वर्ष २०७९/०८० को बजेट प्रस्तुत गर्न जाँदै आर्थिक मामिला तथा योजनामन्त्री विन्दमान विष्ट । तस्वीरः रासस

यसैगरी लुम्बिनी प्रदेश सरकारले रु ४० अर्ब बराबरको बजेट प्रस्तुत गरेको थियो । आर्थिक वर्ष २०७८-०७९ का लागि चालूतर्फ रु १४ अर्ब ९३ करोड ७३ लाख ४३ हजार तथा पूँजीगततर्फ रु २१ अर्ब १७ करोड ९९ लाख ६१ हजार बजेट विनियोजन भएको थियो । स्थानीय तहमा वित्तीय हस्तान्तरणका लागि रु चार अर्ब ८४ करोड २३ लाख ९६ हजार विनियोजन गरिएको थियो ।

प्रदेश नं १ सरकारले चालू आवका लागि रु ३२ अर्ब ४६ करोड ९२ लाख विनियोजन गरेको थियो । कुल विनियोजनमध्ये चालूतर्फ रु १४ अर्ब १६ करोड १५ लाख अर्थात ४३.६ प्रतिशत, पूँजीगततर्फ रु १५ अर्ब पाँच करोड ३५ लाख अर्थात् ४६३ प्रतिशत, स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु तीन अर्ब २२ करोड ४२ लाख अर्थात् १० प्रतिशत तथा वित्तीय व्यवस्थातर्फ रु तीन करोड बराबर रहेको थियो ।

त्यसमा प्रदेश सरकारको आन्तरिक राजस्वबाट रु चार अर्ब नौ करोड ७७ लाख, राजस्व बाँडफाँटबाट रु नौ अर्ब ८१ करोड ६६ लाख, सङ्घबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु आठ अर्ब ५६ करोड ७८ लाख, सशर्त अनुदानबाट रु पाँच अर्ब ९६ करोड ७७ लाख, समपूरक अनुदानबाट रु एक अर्ब १६ करोड ७८ लाख र विशेष अनुदानबाट रु ५९ करोड ३३ लाख गरी राजस्व तथा वित्तीय हस्तान्तरणबाट जम्मा रु ३० अर्ब २० करोड ७९ लाख खर्च बेहोरिने आयव्ययमा उल्लेख गरिएको थियो । यस्तै अपुग रकम नगद मौज्दातबाट रु दुई अर्ब तथा वैदेशिक अनुदानबाट रु २६ करोड १३ लाख बेहोरिने बजेट वक्तव्यमा जनाइएको थियो ।

सङ्घीय राजधानीसमेत रहेको वाग्मती प्रदेश सरकारले रु ५७ अर्ब ७२ करोडको बजेट सार्वजनिक गरेको थियो । त्यसमा चालूतर्फ रु २६ अर्ब एक करोड ६६ लाख २३ हजार र पूँजीगततर्फ रु २९ अर्ब ७० करोड ४३ लाख चार हजार विनियोजन गरिएको थियो ।

मधेस प्रदेशले रु ३३ अर्ब ७९ करोडको बजेट सार्वजनिक गरेको थियो । त्यसमा चालूतर्फ रु १५ अर्ब ६३ करोड ३३ लाख ४७ हजार अर्थात् ४६.२६ प्रतिशत, पूँजीगततर्फ रु १८ अर्ब पाँच करोड ८० लाख ८३ हजार अर्थात् ५३.४४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु १० करोड अर्थात् ०.३० प्रतिशत बजेट विनियोजन भएको थियो ।

बजेटमा आन्तरिक राजस्वबाट रु तीन अर्ब चार करोड ९१ लाख ३० हजार, नेपाल सरकारबाट प्राप्त हुने अनुदानबाट रु १३ अर्ब ९० करोड ३४ लाख, राजस्व बाँडफाँटबाट रु नौ अर्ब ५८ करोड ८९ लाख र चालू आर्थिक वर्षको बचतबाट रु छ अर्ब २५ करोड बेहोरिने उल्लेख गरिएको थियो । त्यसबाट अपुग हुने रु एक अर्ब आन्तरिक ऋण लिने उल्लेख थियो ।

बजेटले निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि रु दुई अर्ब ३५ करोड र प्रदेशका स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्न रु तीन अर्ब १६ करोड ५० लाख विनियोजन गरेको थियो ।

कर्णाली सरकारद्वारा रु ३६ अर्ब ५४ करोडको बजेट प्रस्तुत भएको थियो । त्यसमा पूँजीगततर्फ रु २१ अर्ब ६५ करोड ३९ लाख १३ हजार र चालूतर्फ रु ११ अर्ब ४९ करोड २७ हजार ७० हजार बजेट विनियोजन गरिएको थियो ।

त्यस्तै वित्तीय हस्तान्तरणतर्फ रु तीन

(बाँकी चौथो पातामा)

# अदालतको पूर्णपाठ विकास र राष्ट्रहितविपरीत आए संसद्बाटै सङ्कल्प प्रस्ताव पेश गर्छौं -सांसद रामबाबू यादव

प्रस, निजगढ, १ असार/

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको विषयमा सर्वोच्च अदालतको निर्णय हल्का भएको आफ्नो बुझाइ रहेको बाराका सांसद रामबाबू यादवले बताएका छन् ।



सर्वोच्च अदालतको गत जेठ १२ गतेको निर्णय विकास, आर्थिक समृद्धि र रोजगारमा बाधा सिर्जना हुने गरी आएकाले आफूहरू पूर्णपाठको पर्खाइमा रहेको बताउँदै यदि अदालतको पूर्णपाठमा विकल्प हुनै नसक्ने सांसद यादवको भनाइ छ ।



विमानस्थलको माग गर्दै प्रदर्शन गर्दै स्थानीय । तस्वीरः जीतलाल श्रेष्ठ

मुलुक हित, विकास हित, आर्थिक समृद्धि हितविपरीत निर्णय भए संसद्मा नै सङ्कल्प प्रस्ताव पास गरेर निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिने उनले बताए ।

यसका लागि आवश्यक परे सङ्कल्प प्रस्तावको प्रस्तावक बस्न आफू पछि नहट्ने सांसद यादवले प्रतिक्रिया दिए ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कसैको करकाप, दबाब र मायाले नआएकोले हवाई उडान-अवतरणसँगै भारतसँगको सिमाना, हिमाल, पहाडको भौगोलिक दूरीलगायत अन्य विभिन्न दृष्टिकोणसँगै प्राविधिकरूपले पनि टाँगियाबस्तीको स्थान उपयुक्त ठहर भएकोले यस कार्यमा संलग्न देशी-विदेशी सर्भे टोलीले चयन गरेकोले सो स्थानको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसँगै मधेस प्रदेशको मुहार फेरिने मात्र नभई समग्र मुलुककै भाग्य र भविष्यमा विकास, आर्थिक समृद्धि, रोजगारमा कायापलट हुने बहुआयामिक आयोजना रहेकोले अब निर्माणमा ढिलाइ गर्नै नहुने उनको तर्क छ ।

टाँगियाबस्तीको उचित व्यवस्थापनमा सरकार गम्भीर हुनुपर्छ भन्दै विकासको बाधक बन्न कोही कसैलाई पनि छुट नभएकोले निजगढमा २० दिनदेखि निरन्तर सडक सङ्घर्ष गर्दै आइरहेको निजगढ सार्वजनिक सरोकार समिति र स्वतन्त्र युवा तथा विद्यार्थी सरोकार समितिको संयुक्त अगुवाइमा आफ्नो पनि ऐक्यबद्धता रहेको सांसद यादवले प्रतिबद्धता जाहेर गरेका छन् ।



तराईमा गर्मी बढेपछि गर्मी छल्नका लागि जीतपुरसिमरा उपमहानगरपालिका-६ को नगउल टोलस्थित कुलोमा नुहाउँदै बालबालिका । तस्वीरः नरेश यादव

# स्थानीय निर्वाचन २०७९ शान्तिपूर्ण रूपमा सम्पन्न भएको निष्कर्ष

काठमाडौं, १ असार/रासस

स्थानीय तह सदस्य निर्वाचन २०७९ शान्तिपूर्ण रूपमा सम्पन्न भएको निष्कर्ष निकालिएको छ । निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी) ले बुधवार पत्रकार सम्मेलनको आयोजना गरी केही मात्रामा आचारसंहिता विपरीतका गतिविधि भए पनि समग्रमा समावेशी सहभागितासँगै शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएको जानकारी गराएको हो ।




फाइल तस्वीर/

त्यसैगरी मतदाता नामावलीमा नाम भएको व्यक्तिलाई परिचयपत्र नभए पनि नागरिकता प्रमाणपत्रको आधारमा मतदान गर्ने व्यवस्था गरिनु, आचारसंहिताको उल्लङ्घनकर्ताविरुद्ध कानूनी कारबाई स्वरूप स्पष्टीकरणसहित सजग गराउनु, निर्वाचनसम्बन्धी विवादको निरूपण गर्न सर्वपक्षीय तथा सर्वदलीय सहमति खोज्नु सकारात्मक पक्ष रहेको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

पर्यवेक्षण प्रतिवेदनअनुसार निर्वाचनको समयमा आचारसंहिताले गर्न हुँदैन भनी गरेको निर्देशनात्मक व्यवस्थाविपरीत पञ्चेबाजासहितको झाँकी, मोटरसाइकल र्‍याली, बालबालिकाको प्रयोग, उम्मेदवारका लागि तोकिएको सङ्ख्याभन्दा बढी सवारी साधनको प्रयोग गरिएको छ ।

दलित तथा पिछडिएका समुदायलाई आर्थिक प्रलोभनमा पारी मतदान आफ्नो पक्षमा पार्ने प्रयास, निर्वाचन आयोगले निर्धारण गरेको खर्चको सीमालाई अधिकांश राजनीतिक दलहरूले पालना नगरेको इओसीका अध्यक्ष प्रदीप पोखरेलले पत्रकार सम्मेलनमा जानकारी दिए ।

आगामी दिनमा निर्वाचन आयोगले महिला प्रतिनिधित्वका लागि बाधक कानूनी छिद्राहरूको निरूपण गर्नुपर्ने, मतदान केन्द्रमा हेल्थ डेस्कको व्यवस्था गरिनुपर्ने, मतदान र नागरिक शिक्षालाई निर्वाचनको अभिन्न अङ्ग बनाउनुपर्ने, म्यादी प्रहरीको स्थानमा निर्वाचन अवधिका लागि सुरक्षा स्वयंसेवकको व्यवस्था गर्नुपर्ने सुझाव दिइएको छ ।

गत वैशाख ३० गते एकै चरणमा सम्पन्न भएको स्थानीय तह सदस्य निर्वाचनका लागि इओसीले ४०३ जना राष्ट्रिय पर्यवेक्षक परिचालन गरेको थियो ।

# एमसिसीपछि एसपिपीको चर्चाले सदन गम्भीर

काठमाडौं, १ असार ⁄ रासस

प्रतिनिधिसभाको आजको बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का सांसद प्रदीपकुमार ज्ञवालीले नेपाल सरकारले संयुक्त राज्य अमेरिकाको स्टेट पार्टनरशिप प्रोग्राम (एसपिपी) सम्झौता गर्न लागेको भन्ने विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

आजको बैठकमा विशेष समय लिएर पूर्वपरराष्ट्रमन्त्री ज्ञवालीले नेपालको स्वतन्त्र र सन्तुलित परराष्ट्र नीतिमा खलल पुग्नेगरी कुनै पनि गतिविधि गर्न नहुने धारणा राख्दै यसबारे सदनलाई स्पष्ट पार्न माग गरे ।

उनले सन् २०१५ मा भएको पत्राचारपछि सो सम्झौताको मस्यौदा तत्कालीन सरकारले गहिरो अध्ययनविना प्रक्रिया अघि नबढाएको स्मरण पनि गरे । साथै नेता ज्ञवालीले नेपाली सेना विश्वमा शान्ति स्थापनाका लागि संयुक्त राष्ट्रसङ्घको आह्वानमा बाहेक अन्य कुनै पनि मुलुकको रणनीतिक छातामुनि खट्न नहुने स्पष्ट पारे ।

नेपालको परराष्ट्र नीति र बाह्य सम्बन्धमा प्रतिकूल असर पार्ने कार्य नगर्न उनले आग्रह गरे ।

नेपाली काङ्ग्रेसका सांसद गगनकुमार थापाले अमेरिकाले प्रस्ताव गरेको भनिएको स्टेट पार्टनरशिप प्रोग्राम ( एसपिपी) बारे प्रधानमन्त्री शेरबहादुर देउवाले सदनलाई स्पष्ट जवाफ दिनुपर्ने माग गरेका छन् ।

प्रतिनिधिसभाको आजको बैठकमा समय मागेर बोल्दै उनले केही दिनदेखि संसद्को बैठक र संसदीय समितिमा सांसदहरूले उक्त विषय बारम्बार उठाइरहेको भन्दै प्रधानमन्त्रीले तत्काल सदनलाई जवाफ दिनुपर्ने बताए ।

नेपाली काङ्ग्रेसका महामन्त्रीसमेत रहेका सांसद थापाले रक्षा मन्त्रालयको जिम्मेवारी पनि प्रधानमन्त्रीले लिएकाले यो विषयमा प्रधानमन्त्रीले नै सदनलाई जवाफ दिनुपर्ने धारणा राखे । उनले भने–"संसद्मा यत्तिको प्रश्न उठिसक्यो रक्षा मन्त्रालयको जिम्मेवारी पनि सम्हालेका प्रधानमन्त्रीले तत्काल सदनमा आएर जवाफ दिनुपर्छ जसले गर्दा यो सम्झौता के हो, कसको पालामा शुरू भयो ? पूर्ववर्ती सरकारले अघि बढाएको सम्झौता भन्ने पनि समाचारमा आइरहेको छ यस्ता कुराको जवाफ सरकारले तत्काल सदनलाई दिनुपर्छ ।"

महामन्त्री थापाले नेपाली सेना संलग्न हुने कुनै पनि साझेदार छिमेकी मुलुक वा शक्ति मित्रराष्ट्रसँग नेपाल प्रयोग हुन नपाउने, विकास साझेदारीमा भने सहभागी हुन पाउने भन्दै सामरिक महत्त्वको विषयमा नेपाल शक्तिराष्ट्रको छेउ पुग्न नहुने तर्क गरे ।

"यो मेरो व्यक्तिगत धारणा मात्र हैन, नेपालको संविधान यही भन्छ र इतिहासले पनि यही कुरा सिकाएको छ, प्रधानमन्त्री मेरो पार्टीको सभापति पनि हुनुहुन्छ, पार्टीको निर्णय र पोजिशन पनि यही नै हो, नेपाल यस्तो खालको सामरिक स्वार्थ भएको कुनै पनि कुरामा न कहिल्यै भएको थियो र हुन सक्छ ।"

**के भने कानूनमन्त्रीले**

कानून, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले नेपाल सरकारको राज्य साझेदारी कार्यक्रम (एसपिपी) सम्झौतामा हस्ताक्षर गर्ने कुनै तयारी नभएको स्पष्ट पारेका छन् ।

उनले यस विषयमा कोही भ्रममा नरहन स्पष्ट पारेका छन् । साथै मन्त्री कोइरालाले सो सम्झौताका लागि कुनै पक्ष या सरकारले आग्रह नगरेको पनि स्पष्ट पारे ।

प्रतिनिधिसभाको आजको बैठकमा विनियोजन विधेयक, २०७९ का शीर्षकमाथि सो मन्त्रालयसँग सम्बन्धित विषयमा सांसदका प्रश्नको जवाफ दिंदै उनले सो कुरा स्पष्ट पारेका हुन् ।


बैठकमा अमेरिकी सहायता परियोजना (एमसिसी) सम्झौताबारे सोधिएको प्रश्नमा मन्त्री शर्माले नेपालको संसद्ले पारित गरेकै दिन अमेरिकी सरकारले उक्त सम्झौताका व्याख्यात्मक घोषणालाई स्वागत गरेकोले उक्त घोषणा सम्झौताको अङ्ग बनेकोमा द्विविधामा नरहन पनि आग्रह गरे ।


जयपुरी घर्ती


रामकुमारी झाँक्री


प्रेमबहादुर आले


तस्वीरः रासस


विरोध खतिवडा

## यस्तो थियो सातवटै...

अर्ब ३९ करोड ९९ लाख ५३ हजार विनियोजन गरिएको थियो । आगामी आवका लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट रु ६० करोड, चालू आवको खर्च नभई बाँकी रहन जाने अनुमानित रु १२ अर्ब ९२ करोड १६ लाख ८१ हजार, सङ्घीय सरकारबाट राजस्व बाँडफाँटबापत प्राप्त रु सात अर्ब ४४ करोड ७७ लाख बजेटमा उल्लेख गरिएको छ ।

त्यसैगरी बजेटमा वित्तीय समानीकरण अनुदानबाट प्राप्त रु १० अर्ब १४ करोड २१ लाख र सशर्त अनुदानबाट रु तीन अर्ब ९८ करोड ७७ लाख तथा नेपाल सरकारबाट प्राप्त हुने समपूरक अनुदानबापत रु ८१ करोड ३५ लाख, विशेष अनुदानबापत रु ६१ करोड ३० लाख प्राप्त हुने उल्लेख गरिएको थियो ।

**यस्तो छ आगामी आवका लागि सङ्घीय सरकारले दिने अनुदान**

विसं २०७४ मा स्थापना भएका प्रदेश सरकारले आआफ्नो सापेक्षतामा बजेट प्रस्तुत गर्ने गरेका छन् । त्यसमा सङ्घीय सरकारले उपलब्ध गराउने वित्तीय समानीकरण अनुदान, विशेष तथा सशर्त अनुदान र समपूरक अनुदान उपलब्ध गराउँछ । यस्तै प्रदेश सरकारको आम्दानीसमेत जोडेर बजेट बनाउने गर्दछन् । सङ्घीय सरकारले आगामी आवका लागि प्रदेश सरकारलाई रु एक खर्ब २९ अर्ब ४६ करोड छ लाख बराबरको अनुदान उपलब्ध गराएको छ ।

सङ्घीय सरकारले बागमती प्रदेशलाई रु २० अर्ब ३२ करोड ६६ लाख बरारबर अनुदान उपलब्ध गराएको छ । त्यसमा सो प्रदेशले समानीकरण अनुदानतर्फ रु आठ अर्ब ४० करोड ४६ लाख, सशर्त अनुदान रु १० अर्ब नौ करोड २० लाख, विशेष अनुदान ७९ करोड र समपूरक अनुदान रु एक अर्ब चार करोड उपलब्ध हुनेछ ।

गण्डकी प्रदेशले सङ्घीय सरकारबाट रु १६ अर्ब ५४ करोड ३२ लाख बजेट पाएको छ । त्यसमा समानीकरण अनुदान रु सात अर्ब ९२ करोड ७९ लाख, सशर्त अनुदान रु छ अर्ब ९१ करोड ८३ लाख, विशेष रु ८६ करोड र समपूरक अनुदान रु ८३ करोड ३० लाख पाएको छ ।

प्रदेश एकलाई सङ्घीय सरकारले रु १९ अर्ब नौ करोड ९१ लाख बराबरको वित्तीय हस्तान्तरण गरेको छ । त्यसमा समानीकरणतर्फ रु नौ अर्ब ८२ लाख, सशर्त अनुदानतर्फ रु आठ अर्ब ६९ करोड, विशेष अनुदानतर्फ रु ५९ लाख ४७ करोड ५० लाख, समपूरक अनुदानतर्फ रु ९२ लाख बराबर उपलब्ध हुन्छ ।

यस्तै मधेस प्रदेशलाई रु १९ अर्ब १५ करोड नौ लाख बराबरको बजेट उपलब्ध गराएको छ । त्यसमा समानीकरणतर्फ रु सात अर्ब ८१ करोड ५८ लाख, विशेष अनुदानतर्फ रु १० अर्ब छ करोड ५१ लाख, समपूरकतर्फ रु ४९ करोड अनुदान उपलब्ध हुनेछ ।

लुम्बिनी प्रदेशमा समानीकरण अनुदान रु आठ अर्ब ५४ करोड १७ लाख, सशर्त अनुदान रु आठ अर्ब ७१ करोड २२ लाख, रु ३८ करोड ३५ लाख विशेष अनुदान र समपूरकमा रु ७३ करोड ९० लाख गरी रु १८ अर्ब ४७ करोड ६४ लाख पाएका छन् ।

यस्तै कर्णालीमा समानीकरण अनुदान रु १० अर्ब ७२ करोड ६४ लाख, विशेष अनुदान रु पाँच अर्ब ६९ करोड ६७ लाख र रु ६६ करोड ८० लाख समपूरकलगायत कुल रु १८ अर्ब ३० करोड ६१ लाख हस्तान्तरण हुनेछ ।

बजेटले सुदूरपश्चिम प्रदेशलाई रु १७ अर्ब ५५ करोड ८३ लाख वित्तीय हस्तान्तरण हुनेछ । जसमा समानीकरण अनुदानतर्फ नौ अर्ब ७५ करोड रहेको छ । सशर्त अनुदानतर्फ रु छ अर्ब ९८ करोड ८० लाख, विशेष अनुदान रु ९७ करोड ७८ लाख र समपूरकमा रु ७६ करोड ५० लाख उपलब्ध गराउने छ ।

प्रदेशमा गरिने वित्तीय हस्तान्तरणतर्फ समानीकरण अन्तर्गत न्यूनतम अनुदान सबै प्रदेशमा गरेर जम्मा १५ अर्ब ३५ करोड ८० लाख, सूत्रमा आधारित अनुदान रु ४३ अर्ब ७७ करोड तीन लाख र कार्यसम्पादनमा आधारित अनुदान रु दुई अर्ब ३० करोड ३८ लाख गरी कुल रु ६१ अर्ब ४३ करोड २१ लाख व्यवस्था गरिएको छ । प्रदेशमा पठाइएको बजेटमध्ये चालू रु ७७ अर्ब ९२ करोड एक लाख र पूँजीगततर्फ रु ५१ अर्ब ५४ करोड पाँच लाख बराबर छ ।

## चुरे पर्वत शृङ्खला....

रेकर्ड छ । साधारणतया सुदूरपश्चिमबाट क्रमशः बढ्दै गएर सबैभन्दा बढी झापामा बढी वर्षा भएको देखिन्छ । आकाशे पानीलाई चुरे पर्वतले सोसेर राख्दछ । यसरी सोसेर राखेको पानी बिस्तारै भावर हुँदै तराई–मधेसका भूभागमा पुग्दछ । भावर क्षेत्रमा जमीनमुनि बढी ग्रेगान, बालुवा, ढुङ्गा भएकाले यस क्षेत्रमा यसरी बगेको पानी लुक्दछ । यसरी पानी लुक्ने क्षेत्रलाई नै भावर भनिएको हो । चुरेको करीब १०⁄१५ किलोमिटर तल बग्दै माथिल्लो सतहमा पानी निस्कने गर्दछ ।

चुरे फेद र आसपासमा बाक्ला अनि घना बस्ती छन् । यस क्षेत्रमा १ करोड ४७ लाख ४८ हजार ६७२ मानिस बसोवास गर्छन् । जुन केन्द्रीय तथ्याङ्क विभागले २०६८ सालमा लिएको जनगणनाको तथ्याङ्क हो । त्यस यता झनै जनसङ्ख्या बढ्दो पाइएको छ । यसबाट नेपालको कुल जनसङ्ख्याको लगभग आधा भाग चुरे भूपरिधि क्षेत्रमा नै बसोवास भएको देखिन्छ ।

चुरे भूपरिधि बाघ, गैंडा, अर्नाजस्ता ठूला स्तनधारी वन्यजन्तुको वासस्थान रहेकोले जैविक विविधताको लागि महत्त्वपूर्ण मानिन्छ । यहाँ वनस्पतिको प्रचुर उपस्थितिले जैविक विविधताको महत्त्व झनै बढेको छ । चुरे क्षेत्र जल उत्पन्न प्रकोपको दृष्टिले भूस्खलन, बाढी डुबानको आधारमा संवेदनशील मानिन्छ । बर्सेनि नदीको धार परिवर्तन हुनेहुनाले तराईको समतल भूभागमा बाढी, थेग्रान, कृषियोग्य जमीन कटानको कारणले पनि यो क्षेत्र बढी संवेदनशील मानिएको हो ।

चुरे क्षेत्रको गुरुयोजनाले निर्धारण गरे अनुसार चुरे पहाडी शृङ्खलाबाट उत्पत्ति भई वर्षायाममा मात्रै पानी बग्ने ४८ वटा र तराई–मधेसबाट उत्पत्ति भई प्रायः बाह्रै महीना पानी बग्ने १३ सहित १६४ वटा नदी प्रणाली छन् । यसलाई तत्काल व्यवस्थापन गर्नुपर्नेगरी पहिचान गरिसकिएको छ ।

यस समस्यालाई मध्यनजर गर्दै नेपाल सरकारले आर्थिक वर्ष २०६६–०६७ देखि नै तत्कालीन भू तथा जलाधार संरक्षण विभागमार्फत संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्दै आएको थियो । यस कार्यलाई अझ महत्त्व दिई नेपाल सरकारले २०७१ असार २ गतेदेखि समिति ऐन अन्तर्गत राष्ट्रपति चुरे–तराई मधेस संरक्षण विकास समिति गठन आदेश स्वीकृत भई राष्ट्रिय गौरवको आयोजनाको रूपमा मान्यता पाएको हो ।


चुरे संरक्षणले लहलहाउँदै अन्न बाली । तस्वीरः प्रतीक

नेपाल सरकारले चुरे क्षेत्रको बृहत्तर संरक्षण र दिगो विकासका लागि २०७४ जेठ ४ गते २० वर्षे गुरुयोजना स्वीकृत गरी लागू गरी कार्यक्रम अघि बढाइरहेको छ ।

यस गुरुयोजनाले तोकेको कार्य सम्पादन गर्ने र चुरे क्षेत्रको समस्या न्यूनीकरण गर्न तराई–मधेस संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन एकाइ भरतपुर चितवनले वार्षिक विभिन्न स्थानमा बाँध, तटबन्ध निर्माण, गल्छि–पहिरो रोकथाम, चुरे खोंचमा जलाशय निर्माण, वृक्षारोपण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउँदै आएको छ ।

प्रत्येक वर्षको असार २ गते चुरे दिवस मनाइन्छ । यस कार्यक्रममा यस वर्ष देशका विभिन्न स्थानमा एक लाख बिरुवा रोपण गर्ने योजना रहेको तराई–मधेस संरक्षण विकास समितिले जनाएको छ । चुरे संरक्षणलाई उच्च प्राथमिकतामा राख्न नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको कार्यकालमा गठन गरिएको हो । जसको नाउँ राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समिति राखिएको थियो ।

यस नाउँबाट पनि सहजै के बुझ्न सकिन्छ भने मात्र चुरे पर्वत शृङ्खलालाई मात्र संरक्षण गरेर पुग्दैन । यसको दिगो संरक्षण र विकासका लागि चुरे क्षेत्रमा माथिल्लो तटीय क्षेत्र, भावर आसपासमा मध्य तटीय क्षेत्र र तराई–मधेस दशगजा सम्मको तल्लो तटीय क्षेत्रमा वर्गीकरण गरी यसको दिगो संरक्षणमा जोड दिंदै आइरहेको छ । जसमा आवश्यकता अनुसार पहिरो रोकथाम, बिरुवा रोपण, नदी कटान क्षेत्रको संरक्षण, नदी उकास क्षेत्रको पहिचान र संरक्षण अनि बिरुवा रोपण, चुरे क्षेत्र र आसपास बसोवास गर्ने नागरिकहरूका लागि आय आर्जनका कार्यक्रम सञ्चालनसमेत गरिंदै आएको छ भने चुरे संरक्षणमा जनचेतनामूलक कार्यक्रम पनि गरिंदै आएको छ ।

नेपाल संसारका अन्य मुलुकभन्दा मनमोहक र विश्वकै अग्लो हिम शृङ्खला सगरमाथा भएको देश हो । जहाँ मानवले पाइला टेक्न मात्र पाउँदा स्वर्गको अनुभूति हुने गरेको सफल पर्वारोहीहरूको अनुभव छ । जहाँ हावाको वेग जहिल्यै पनि अधिक रहन्छ । यसरी हिमाली क्षेत्रबाट बहने हावाको वेगलाई महाभारत पहाडले छेक्ने गर्दछ भने चुरे पर्वत शृङ्खलाले पनि । यस चुरे पर्वत शृङ्खलाको प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध तराई–मधेससँग नङ र मासुजस्तै अपरिहार्य घनिष्ठ छ ।

यहाँ रहने हरेक प्राणी, वन्यजन्तु वनस्पति, भूभागका लागि चुरे संरक्षण अति आवश्यक छ । जसरी मानव शरीरका लागि मिर्गौलाले काम गर्छ; हो, त्यही महत्त्वपूर्ण प्रक्रियाजस्तै चुरे पर्वत शृङ्खलाले पनि यहाँको प्राकृतिक बनोटको संरचनालाई जीवन्त अनि सजीव बनाउने प्रक्रिया चलायमान गरिरहेको छ । चुरे क्षेत्र र आसपासमा घना, अनि बाक्लो वन–जङ्गल छ । जसका कारण आसपास र तराई–मधेसका मानवबस्ती सहज, सरलरूपमा बसोवाससँगै जीवन जिउन सम्भव भएको देखिन्छ ।

प्राकृतिक स्रोत वा विभिन्न सम्पदालाई बेलैमा संरक्षण गर्न नसके केही दशकमैं यसको प्रभाव–अभाव पर्ने सङ्केत नजीकिंदो छ । बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषालगायत तराईका जिल्लाका अधिकांश वन क्षेत्र उत्तरी भेगमा छ । यसको संरक्षणविना तराईको उर्वरभूमि र यहाँको जनजीविकाको कल्पना गर्न नसकिने जलाधार विज्ञ एवं जानकार मोहन वाग्लेको भनाइ छ । यस पहाड भएर बग्ने खोला–नदीहरूबाट अत्यधिक मात्रामा नदीजन्य पदार्थको अचाक्ली उत्खनन, दोहन भएसँगै डेढ दशक यतादेखि यसको अस्तित्व सङ्कट तर्फ नजानिदो ढङ्गले अघि बढेको उनको तर्क छ ।

क्रसर उद्योगका नाउँमा चुरेको ढुङ्गा, गिट्टी, बालुवा बेचेर धनी बन्ने होडबाजी अहिले पनि घटेको छैन । प्रत्येक वर्षको असार, साउन, भदौ यो तीन महीना वर्षायाममा खोलामा पस्न राज्यले निषेध गरेको छ । तरपनि नदीजन्य पदार्थ चोरी गर्ने गिरोह सक्रिय रहेको पाइन्छ । कहीं कतै लुकीछिपी चोरी गर्ने त कहींकतै प्रहरी, प्रशासन र जनप्रतिनिधिहरूको सेटिङमा गैरकानूनी धन्दाले संरक्षण पाइरहेको छ ।

बाराको निजगढ नगरपालिकाको चुरे भएर बग्ने लालबकैया खोला र धन्सार खोलाबाट गत वर्ष चोरी सङ्कलन गरिएका १३ हजार ८१४.४५ घनमिटर ढुङ्गा जफत गरिएको छ । सो ढुङ्गा वर्षायाममा चुरे क्षयीकरण भई खोलामा बगेर आएको हो । त्यसबाहेक त्यति नै परिमाणको ढुङ्गा अवैध तरिकाले गिरोहले चोरी गर्दै बिक्री गर्ने गरेको छ ।

स्थानीय तहको निर्वाचनपछि कानूनी उपाय खोज्दै खोलालाई राजस्व प्राप्त गर्ने माध्यम बनाएर जथाभावी ठेक्का टेन्डर लगाउने र नदीजन्य पदार्थ उत्खनन, दोहन गराउने होडबाजी चुलिने क्रम अझै घटेको छैन । जुन तराई–मधेसका लागि हितकर देखिंदैन । बरु अभिशाप बन्न सक्दछ ।

स्थानीय तहहरूको राजस्व आम्दानीको प्रमुख स्रोत रहेको चुरे भएर बग्ने नदी, खोला–नाला, खोल्साखोल्सीहरू हुन् । यहाँबाट आवश्यकताभन्दा बढी ग्रेभल, ढुङ्गा, बालुवा उत्खनन, सङ्कलन भएका कारण वन, वन्यजन्तु, बस्ती, पानीका स्रोतमा असर परिसकेको छ ।

यसको असर माथिल्लो तटीय क्षेत्रमा विशेषगरी चुरेमा पहिरो जाने, भू–स्खलन हुने, फेद आसपासमा नदी, खोला नाला, खोल्सी किनार तीव्र कटानमा पर्ने, खोला किनारको भूबनोट अस्वाभाविकरूपमा परिर्वतन हुँदा वन्यजन्तुलाई सहजरूपमा खानेपानीको समस्या भएको पाइन्छ ।

वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन, वातावरणीय परीक्षण प्रतिवेदनको ध्यान नराखी राजस्वको नाउँमा उत्खनन गर्न दिने हो भने फाइदाभन्दा बढी बेफाइदा निम्तिने राष्ट्रपति चुरे तराई–मधेस विकास एकाइ चितवनका प्रमुख रामहरि पन्तको भनाइ छ ।

'चुरे रहे पानी, पानी रहे हामी' भन्ने भनाइ सबैले बुझ्न र बुझाउन जरूरी छ ।

# अन्तर्राष्ट्रिय समाचार

## अस्ट्रेलियामा न्यूनतम पारिश्रमिक ५.२ प्रतिशतले वृद्धि

क्यानबेरा, १ असार/सिन्हवा

अस्ट्रेलियामा कार्यरत कामदारको न्यूनतम पारिश्रमिक ५.२ प्रतिशतले वृद्धि भएको छ।


तस्वीरः एएफपी

विभिन्न उपभोग्य वस्तुको मूल्य वृद्धि भएकोले कामदारहरूको सेवा सुविधामा पनि वृद्धि गर्नुपर्ने भएकोले न्यूनतम पारिश्रमिक वृद्धि गरिएको हो।

स्वतन्त्र कार्य आयोग (एफडब्लुसी)ले बुधवार घोषणा गरेको न्यूनतम पारिश्रमिक अनुसार अस्ट्रेलियामा कार्यरत मजदूरको अबको न्यूनतम पारिश्रमिक २१.३८ अस्ट्रेलियन डलर हुने भएको छ। यस अघि न्यूनतम पारिश्रमिक २०.३३ अस्ट्रेलियन डलर थियो।

हरेक मजदूरले हप्तामा ४० अस्ट्रेलियन डलर थप कमाउन सक्ने पनि आयोगका अधिकारीहरूले जानकारी दिएका छन्। आयोगको यस निर्णयले अस्ट्रेलियाका झन्डै २७ लाख कामदार प्रभावित हुने भएका छन्।

केन्द्रीय सरकार र प्रधानमन्त्री एन्थोनी अल्बानीले यस अघि नै कम्तीमा ५.१ प्रतिशत पारिश्रमिक वृद्धि गर्न आग्रह गरेका थिए। तर विभिन्न कर्मचारी सङ्गठनहरूले भने कम्तीमा ५.५ प्रतिशत पारिश्रमिक वृद्धि हुनुपर्ने माग गर्दै आएका थिए। सरकारी पक्ष र कामदार पक्ष दुवैको मागबी रहेर ५.२ प्रतिशत वृद्धि गर्ने निर्णय आयोगले गरेको छ।

आयोगका अध्यक्ष आइन रोसले तल्लो तहका कर्मचारीहरूले आफ्नो पारिश्रमिक अति न्यून भएकोले दैनिकी चलाउनै गाह्रो हुँदा जतिसक्दो धेरै बढाउन आग्रह/दबाब दिने गरेको बताए।

उनले भने–"विशेष गरेर तल्लो तहका कर्मचारीहरूले तलब धेरै बढाउन पटकपटक दबाब दिँदै आएका थिए।"

## जापानमा जुलाई १० मा माथिल्लो संसद्को निर्वाचन हुने

टोकियो, १ असार/सिन्हवा/रासस

जापानमा आगामी जुलाई १० मा माथिल्लो सदनको निर्वाचन हुने भएको छ। माथिल्लो सदनका सदस्यहरू छनोटका लागि निर्वाचन गर्ने निर्णय भएको प्रधानमन्त्री फुमिओ किशिदाले बुधवार जानकारी दिए।

निर्वाचन प्रचार अभियान भने यही जून २२ देखि मात्र शुरू गर्न पाइने भएको छ। त्यसका लागि दलहरूले अबदेखि नै तयारी थाल्ने भएका छन्। जापानको माथिल्लो सदनलाई 'हाउस अफ काउन्सिलर्स' पनि भनिन्छ भने तल्लो सदनलाई प्रतिनिधिसभा भनिन्छ।


तस्वीरः सिन्हवा

जापानको माथिल्लो सदनमा २४५ जना सदस्य हुन्छन्। उनीहरूको कार्यकाल छ वर्षको हुन्छ। माथिल्लो सदनका सदस्यहरूको कार्यकाल तल्लो सदनका सदस्यहरूभन्दा दुई वर्ष बढी हो।

त्यसैगरी माथिल्लो सदनको सदस्य बन्न कम्तीमा ३० वर्षको हुनुपर्नेछ, जबकि तल्लो सदनको सदस्य हुनका लागि कम्तीमा २५ वर्ष भए पुग्ने व्यवस्था छ।

## युक्रेनका राष्ट्रपति र क्यानडाका प्रधानमन्त्रीबीच रक्षा सहयोगबारे फोनवार्ता

किभ, १ असार/सिन्हवा/रासस

युक्रेनका राष्ट्रपति र क्यानडाका नेताबीच युक्रेनका लागि आवश्यक रक्षा सहयोगबारे छलफल भएको बताइएको छ। युक्रेनी राष्ट्रपति भोलोदमिर जेलिन्स्की र क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोबीच सो वार्ता भएको हो। वार्ताका क्रममा उनीहरूबीच हाल युक्रेनलाई आवश्यक पर्ने रक्षासम्बन्धी सहयोग आदानप्रदान गर्ने विषयमा छलफल भएको बताइएको छ।


तस्वीरः सिन्हवा

युक्रेनका राष्ट्रपति जेलिन्स्कीले मङ्गलवार ट्वीट गरेर दिएको जानकारी अनुसार उनी र क्यानडाका प्रधानमन्त्रीबीच फोनमा वार्ता भएको थियो र युक्रेनलाई आगामी दिनमा आवश्यक पर्ने रक्षासम्बन्धी सहयोगबारे कुराकानी भएको थियो।

रूसले अहिले पनि युक्रेनमा हमला गरिरहेकोले यहाँ प्रतिरक्षाका लागि सहयोग आवश्यक रहेको बताइएको छ। यस अघि पनि क्यानडाले युक्रेनलाई रक्षासम्बन्धी सहयोग गर्दै आएको बताइएको छ। गत हप्ता मात्र क्यानडाका रक्षामन्त्री युक्रेन पुगेर आवश्यक सहयोग उपलब्ध गराउने बताएका थिए। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – कडाश्रम | वृष – ज्ञानोदय |
| मिथुन – भयचिन्ता | कर्कट – मित्रमिलन |
| सिंह – अतिथिआगमन | कन्या – सुयश |
| तुला – खर्चवृद्धि | वृश्चिक – धनलाभ |
| धनु – सफलता | मकर – राज्यलाभ |
| कुम्भ – रोगभय | मीन – व्यापारवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### वीरगंज महानगरपालिकाको सूचना

यस वीरगंज महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा आवागमनमा बाधा पर्ने गरी निर्माण सामग्री थुपार्ने, फुटपाथमा पसल सञ्चालन गर्ने, छाडा गाईवस्तु तथा छाडा चौपाया छोड्ने, जथाभावी फोहर फाल्नेलगायत नियम विपरीत कार्यहरू नगर्न नगराउन हुन जानकारी गराइन्छ। साथै उक्त कार्य गरेको पाइएमा कानून बमोजिम जरिवानाका साथै सोको व्यवस्थापन गर्दा लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धितबाट असुल उपर गरिने बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वीरगंज महानगरपालिका, पर्सा**


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## युवा उद्यमी वीरगंजको दोस्रो साधारण सभा सम्पन्न

प्रस, वीरगंज, १ असार/

नेपाल युवा उद्यमी वीरगंज च्याप्टरको दोस्रो साधारणसभा सम्पन्न भएको छ।

दियालो लर्ड्स दियालो प्लाजा होटलमा सम्पन्न सभाले नयाँ पदाधिकारी चयन गरेको छ।

दुई वर्षे कार्यकालको लागि चयन भएको समितिको अध्यक्ष राकेश साह, प्रथम उपाध्यक्ष सन्दीप अग्रवाल, द्वितीय उपाध्यक्ष पङ्कज अग्रवाल, सोसल चेयर विकास ठाकुर, इभेन्ट एन्ड म्यानेजमेन्ट चेयर अक्षत साह, महिला उद्यमी विकास चेयर मनीषा सुनुवार, लर्निङ चेयर विश्वासप्रताप साह, सदस्यहरू काजल सिंह, सुरज रूँगटा, दीपक खन्ना रहेका छन्।

युवा उद्यमी मञ्च पर्साका अध्यक्ष अनुप अग्रवालको अध्यक्षतामा सम्पन्न समारोहमा प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका अध्यक्ष गणेश लाठ, मञ्चका संस्थापक अध्यक्ष अरविन्द अमात्य, नेशनल गभर्निङ सेन्टरका उपाध्यक्ष रितेश लामिछाने, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ता, वीरगंज महानगरका पूर्वमेयर विजयकुमार सरावगी, नेपाल भारत सहयोग मञ्चका अध्यक्ष उद्योगी अशोक बैद, वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष प्रदिप केडिया, अशोक टेमानी, पर्साका प्रजिअ उमेशप्रसाद ढकाल, बाराका प्रजिअ कृष्णप्रसाद कटुवाल, श्रीजङ्ग गण वीरगंजका प्रमुख सेनानी डायमन्ड कार्की, पर्साका प्रउ रमेश बस्नेत, पर्साका सशस्त्र प्रउ तेजप्रकाश पोखरेल, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारी, इक्नोमिक्स रिपोर्टर एसोसिएशन वीरगंजका अध्यक्ष ओमप्रकाश खनाललगायतको सहभागिता थियो।



तस्वीरः प्रतीक

वक्ताहरूले आयोजकले विगत दुई वर्षको सङ्घर्षको घडीमा गरेको कामको सराहना गर्दै आगामी दिनमा युवा उद्यमीहरूको क्षेत्रमा अझै प्रभावकारी योजनाका साथ काम गर्न सुझाव दिएका थिए।

## निचुटामा पाँच महिलासहित ४६ जनाद्वारा रक्तदान

प्रमोद यादव, पंचगावाँ, १ असार/

विश्व रक्तदाता दिवसको अवसरमा निचुटामा रक्तदान कार्यक्रम सम्पन भएको छ।

निचुटा स्वास्थ चौकीको प्राङ्गणमा सम्पन्न रक्तदान कार्यक्रममा ५ महिलासहित ४६ जनाले रक्तदान गरेका थिए।

नेपाल रेडक्रस सोसाइटी उपशाखा निचुटाको आयोजनामा सम्पन्न रक्तदन कार्यक्रममा पटेर्वा सुगौली गाउँपालिका–५ का वडाध्यक्ष विपनमुखिया बिन, स्वास्थचौकी इन्चार्ज प्रमोद कर्ण, अनिता कर्ण, शिवबालक ठाकुर, प्रेमनारायण यादव, राजेशलाल ठाकुर, सियादेवी कुर्मीलगायत ४६ जनाले रक्तदान गरेको पटेर्वा सुगौली गाउँपालिका स्वास्थ शाखा प्रमुख भुजेन्द्रप्रसाद यादवले बताए।




## असार १ नयाँ वर्षको रूपमा मनाइयो

प्रस, सिम्रौनगढ, १ असार/

असार १ गते नेपाली मधेसका बासिन्दाले नयाँ वर्षको रूप मनाएका छन्।

आज बिहानैदेखी घरको सरसफाइ गरी कृषकहरू राम्रा–राम्रा पहिरणको साथमा नयाँ वर्ष मनाउने तयारी गरेका थिए। आजको दिनमा खानाका विभिन्न परिकारमा एउटा जङली तरकारी बगनाहा निश्चित रूपले खाने गरेको मान्यता छ। बगनाहा बैरको आकारका जङ्गली बिरुवा हो, जसको फल करैला को स्वाद भन्दा पनि कडा हुन्छ। मधेसी समुदायले खेतबाट पाँच टोकरी माटो ल्याई घरमा राख्ने, जङ्गली गम्हारको काठको टुक्रा घरको ढोका निर र पशु बाँधिने किला निर गाँडने साथै निमको पात, प्याज, खुर्सानी, घरको ढोकामाथि झुन्ड्याउने गरेको मान्यता छ।


जङ्गली तरकारी बगनाहा।


मधेस प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,पर्सा

### सिलबन्दी दर रेट पेश गर्नेसम्बन्धी सूचना

**सूचना नं.:– ०७८/०७९–०१**

प्रथमपटक सूचना प्रकाशन मितिः २०७९/०३/०२

प्रस्तुत विषयमा यस विज्ञ केन्द्र, पर्साको आ.व २०७८–०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भैसी ब्लक/बाख्रा ब्लक लागू रहेको क्षेत्रभित्रका लाभग्राहीहरूका लागि ५० प्रतिशत अनुदानमा कृषि यन्त्रीकरण सहयोग कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले यस विज्ञ केन्द्र, पर्साको वेबसाइट www.vhlsecparsa.p2.gov.np मा उपलब्ध गराइएको Format बमोजिमको प्राविधिक विशिष्टीकरण (Technical Specification) भएको कृषि यन्त्र, उपकरण तथा मेशिनरीहरूको प्रतिएकाइ दररेट आवश्यक परेको हुनाले तपसिलमा उल्लिखित शर्तहरूको अधीन रही उक्त कृषि यन्त्र, उपकरण तथा मेशिनरीहरू आपूर्ति गर्न योग्य र इच्छुक उत्पादक कम्पनी, अधिकारिक बिक्रेता वा आपूर्तिकर्ताहरूले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ७ दिन (२०७९/०३/०८) गते वा उक्त दिनमा सार्वजनिक बिदा पर्न गएको हकमा सोको भोलिपल्ट) दिउँसो ०२:०० बजेभित्र यस सूचनामा उल्लिखित सम्पूर्ण आवश्यक कागजातहरू संलग्न राखी स्वयं वा प्रतिनिधिमार्फत यस विज्ञ केन्द्र, पर्सामा उपस्थित भई सिलबन्दी दर रेट पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**दररेट पेश गर्दा अनिवार्य पेश गर्नुपर्ने कागजातः**

१) दर रेट पेश गरिएको भनी रु १० को टिकट टाँस गरी पेश गरिएको निवेदन।
२) फर्म दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र र आ.व. २०७७–०७८ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि।
३) कारोबार गर्नको लागि प्रदान गरिएको इजाजतपत्रको प्रतिलिपि।
४) कालो सूचीमा नरहेको स्वघोषणा पत्र।
५) समान प्रकृतिको काम गरेको भएमा सोसम्बन्धी प्रमाणहरूको प्रतिलिपि।

**तपसिल**

१) आपूर्तिकर्ताले दररेट पेश गरेको कृषि यन्त्र, उपकरण तथा मेशिनरीहरूको क्याटलगको फोटोकोपी तथा यस विज्ञ केन्द्र,पर्साले तयार पारेको यस कार्यालयको वेबसाइटमा उपलब्ध ढाँचा (Format) प्रस्तावित Technical Specification सहित पूर्णरूपले तयार गरी अनिवार्यरूपमा पेश गर्नुपर्नेछ।
२) यस सूचनामा उलेख भए बमोजिम अनिवार्य पेश गर्नुपर्ने कागजात संलग्न नभएमा वा दररेटसम्बन्धी विवरण अपूर्ण भएमा वा रीत नपुगेको वा म्याद नाघी प्राप्त भएको दररेट प्रस्तावहरू मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।
३) सिलबन्दी दररेट पेश गर्दा खाममा सम्बन्धित आपूर्तिकर्ताको नाम र ठेगाना, Email ID तथा सम्पर्क नम्बर र कृषि यन्त्र उपकरणको सिलबन्दी दर रेट भनी अनिवार्य उल्लेख भएको हुनुपर्नेछ।
४) आपूर्तिकर्ताले कृषि यन्त्र, उपकरण तथा मेशिनरीहरूको दररेट उल्लेख गर्दा यस विज्ञ केन्द्र, पर्साको वीरगंज, पर्सा स्थित कार्यालय परिसरसम्म पुऱ्याउन खर्च समेतको दररेट उल्लेख गर्नुपर्नेछ।
५) दररेट प्रस्ताव गरिएको कृषि यन्त्र, उपकरण तथा मेशिनरीहरूमा मू.अ.क. (VAT) लाग्ने वा नलाग्ने सोको विवरणका साथै मू.अ.क. बाहेकको दररेट पेश गर्नुपर्नेछ।
६) यस सूचनामा उल्लेख गर्न छुट भएका अन्य शर्त/बेहोराहरू सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ।

# कालिकामाई गापामा अख्तियारको टोली

प्रस, वीरगंज, १ असार/

कालिकामाई गाउँपालिकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेटौंडाको टोली पुगेको छ।



तस्वीरः फाइल

गापाका विभिन्न योजनामाथि परेको उजूरीको सम्बन्धनमा छानबीन गर्न प्रहरी निरीक्षकको नेतृत्वमा प्राविधिकसहितको टोली पुगेको आयोग, हेटौंडाका सूचना अधिकारी विष्णुप्रसाद सापकोटाले जानकारी दिए।

कालिकामाईमा पुगेको अख्तियारको टोलीले गत आर्थिक वर्षमा प्रमुख प्रशासकीय अधिकृत जयचन्द्र साहको पालामा वडा नं ३ हरिहपुरमा निर्माण भएको पुल र सडक ढलानको स्थलगत निरीक्षण गरेको थियो।

स्थलगत निरीक्षणको क्रममा अख्तियारको प्राविधिकले मापदण्ड अनुसार सडक र पुल निर्माण भए, नभएको बारेमा चेकजाँच गरेको गापा अध्यक्ष वशिष्ट गुप्ताले बताए।

पुल ४० लाख रुपैयाँको लागतमा ठेकेदार कम्पनीमार्फत निर्माण भएको थियो। पुल मापदण्ड र स्टिमेट अनुसार निर्माण नभएको उजूरी परेपछि अख्तियारको टोली योजना निर्माणस्थल पुगेर छानबीन गरेको हो।

यसअघि पनि कालिकामाई गापामा अख्तियारले छापामारी गरेर छानबीन गरेको थियो। प्रमुख प्रशासकीय अधिकृत जयचन्द्र साहकै पालामा विपत् व्यवस्थापनको रकमलगायतका योजनामा भएको हिनामिना सम्बन्धमा अख्तियारको टोली गापाको कार्यालयमा पुगी दुई दिनसम्म छानबीन गरेको थियो।

# विद्युत् लाइनको पोल गाड्न बारा वन कार्यालयद्वारा रोक

प्रस, निजगढ, १ असार/

टाँगियाबस्तीमा विद्युत् लाइनका लागि पोल गाड्ने र विद्युत् प्रसारण गर्ने कार्यलाई डिभिजन वन कार्यालय, बाराले रोकेपछि टाँगियावासीको मागलाई लिएर स्थानीयहरूसँगै बाराका सांसद रामबाबू यादव हिजो मुख्यमन्त्री कार्यालय, जनकपुर पुगेका थिए। बस्ती रहन्जेलसम्म नागरिकले राज्यबाट पाउनुपर्ने सेवासुविधाबाट वञ्चित गर्न नहुने भन्दै आफूहरू मुख्यमन्त्रीको ध्यानाकर्षण गराउन आएको टाँगियाबस्ती सरोकार समितिका अध्यक्ष रमेश सापकोटा र स्थानीय कृष्ण बुढाथोकीले बताए।


विद्युत् विहीन टाँगियाबस्ती। तस्वीरः प्रतीक

डिभिजन वन कार्यालयलाई कुनै जानकारीसमेत नदिई टाँगियाबस्तीमा विद्युत् लाइनका लागि पोल गाड्नेलगायतका गतिविधि भइरहेको पाइएपछि तत्कालै रोक लगाएको डिभिजन वन कार्यालय, बाराका प्रमुख मन्जुर अहमदले बताए।

उनले वन मन्त्रालयसँग कानूनी अड्चन र समस्या रहेको पाइएकोले सो समस्या समाधान गर्न भनेको बताए। हामी विकासका बाधक र विरोधी होइनौं। तर कानूनी प्रक्रिया जो कोहीले पनि पूरा गर्नुपर्ने उनको भनाइ छ।

टाँगियाबस्तीमा निर्माण हुने भनिएको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि अन्यत्र स्थानको खोजी गर्न सर्वोच्च अदालतले गत जेठ १२ गते निर्णय गरेपछि राज्यबाट आफूहरूलाई जग्गाधनी पुर्जा उपलब्ध गराउनुपर्ने जस्ता कुरा टाँगियावासीले उठाउन शुरू गरेका छन्।

यता अदालतको पूर्णपाठ आउन नपाउँदै अधिकांश टाँगियावासीले भने चार दशकअघि वृक्षारोपण हुर्काउन राज्यले वन क्षेत्रमा राखेको ४०/५० छाप्रा, टहराबाट अहिले एक हजार ४७६ घरधुरीसँगै ७३१ बिघा १४ कट्ठा क्षेत्रफल वनको जमीनमा रूखबिरुवा मासेर खेतीयोग्य जमीन बनाउँदै वर्षौंदेखि खेतीपाती गर्दै आइरहेका छन्।

निजगढ विमानस्थल निर्माणका लागि चाहिने कुल ११ हजार ८७५ बिघा क्षेत्रफलमध्ये पहिलो चरणको लागि १९ सय हेक्टर अर्थात् दुई हजार ८५० बिघा वन क्षेत्रफल आवश्यक पर्ने जनाइएको छ। निजगढ विमानस्थल निर्माण गरिने क्षेत्रमा पूर्व–पश्चिम महेन्द्र राजमार्गको निजगढबाट पसाहा पुलसम्म बाक्लो र घना वनजंगल देखिए पनि विमानस्थल निर्माण गरिने क्षेत्रको लगभग बीच भागमा उक्त टाँगियाबस्ती रहेको छ भने कैयौं स्थानमा झाडी, बुट्यान, चउरले मात्र ढाकिएको छ।




### मतदाता नामावली सङ्कलन ....

नामावली दर्ता गर्न सक्नेछन्।

आजदेखि मतदाता नामावलीमा नाम, ठेगाना, जन्ममितिलगायत विवरण सच्याउनलाई प्रमाणसहित निवेदन दिएमा त्रुटि सच्याउने तथा कुनै मतदाताले झूटा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको पाइए त्यस्तो नाम मतदाता नामावलीबाट हटाइनेछ। विवाह वा बसाइँ सरेको कारण मतदाता नामावलीमा रहेको आफ्नो ठेगाना परिवर्तन गर्न चाहेमा साबिकमा नाम दर्ता भएको जिल्ला वा नाम सार्न चाहेको जिल्लाको निर्वाचन कार्यालयमा निवेदन दिन सकिने जिल्ला निर्वाचन कार्यालय, पर्साकी प्रमुख रञ्जीता झाले जानकारी गराइन्।

मतदाता नामावली अद्यावधिक गर्ने प्रयोजनका लागि कुनै व्यक्तिले इमेलमार्फत निर्वाचन कार्यालयमा निवेदन दिएमा पनि नामावली अद्यावधिक गरिने उनले बताइन्।

# खेलकूदको संसार

## आइसिसी विश्वकप क्रिकेट लिग-२

# नेपालद्वारा ओमान सहजै पराजित

काठमाडौं, १ असार/रासस

आइसिसी विश्वकप क्रिकेट लिग–२ अन्तर्गत नेपालले ओमानलाई सहजै पराजित गरेको छ। अमेरिकाको ह्युस्टनस्थित मोसा क्रिकेट मैदानमा केही बेर अघि सम्पन्न खेलमा नेपालले ओमानलाई सात विकेटले पराजित गरेको हो। ओमानविरुद्ध


तस्वीर सौजन्यः क्यान

खेलमा नेपालका करन केसीले उत्कृष्ट बलिङ गर्दै एक्लै पाँच विकेट लिएपछि जीत सहज बनेको हो।

ओमानले टस जितेर पहिले ब्याटिङ रोजेको थियो। ओमानले ४६.५ ओभरमा सबै विकेट गुमाएर मात्र १६३ रन बनाउन सक्यो। एक सय ६४ रनको विजयी लक्ष्य नेपालले तीन विकेट गुमाएर ३३.१ ओभरमा पूरा गर्‍यो।

नेपालका लागि ओपनरद्वय कुशल भुर्तेल र आसिफ शेखले अर्धशतकीय पारी खेले। भुर्तेलले ७५ बलको सामना गर्दै पाँच चौकाको मदतमा ५६ रन बनाए।

शेखले ८६ बलमा ६२ रन बनाए। यसमा उनको एक छक्का र सात चौकासमेत सामेल थियो।

यस्तै देव खनालले १२ बलमा एक चौकासहित १० तथा उपकप्तान रोहितकुमार पौडेलले अविजित २६ रनको योगदान दिए। उनले २१ बलको सामना गर्ने क्रममा एक छक्का र एक चौका हिर्काए। दीपेन्द्रसिंह ऐरीले अविजित रहँदै सात रन बनाए।

बलिङतर्फ ओमानका फयाज बटले दुई तथा खवर अलीले एक विकेट लिए। यस अघि पहिले ब्याटिङ गरेको ओमान निर्धारित ५० ओभरको खेलमा १६३ रनमैं खुम्चियो। ओमानका लागि कप्तान जिशन मकसुदले अर्धशतकीय पारी खेले। उनले एक सय बलको सामना गर्ने क्रममा तीन चौकाको मदतमा ५२ रनको योगदान दिए। यस्तै सन्दीप गौडले ९१ बल खेल्दै एक छक्का र तीन चौकासहित ४७ रन बनाए।

बलिङतर्फ नेपालका करन केसीले पाँच, कप्तान सन्दीप लामिछानेले तीन तथा सोमपाल कामी र दीपेन्द्रसिंह ऐरीले एक–एक विकेट लिए। जीतसँगै नेपाल अङ्कतालिकाको पाँचौं स्थानमा उक्लिएको छ। नेपालले हालसम्म खेलेको १५ खेलमध्ये सातमा जित निकाल्दै १५ अङ्क जोडेको छ। नेपालले अर्को खेल आज राति ९:१५ बजे घरेलु टोली अमेरिकासँग खेल्नेछ।

# राप्रपा, पर्साद्वारा प्रधानमन्त्रीलाई ज्ञापन


तस्वीरः प्रतीक

प्रस, वीरगंज, १ असार/

राष्ट्रिय प्रजातन्त्र पार्टी जिल्ला कार्यसमिति पर्साले किसानलाई तत्काल मल र बीउ उपलब्ध गराउन प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ।

जिल्ला प्रशासन कार्यालय, पर्सामार्फत प्रधानमन्त्रीलाई कृषकका समस्या समाधान गर्न माग गरिएको हो। किसान मल तथा बीउ नपाएर चिन्तित भएको हुँदा समयमैं कृषकका लागि मल र बीउको व्यवस्थापन गर्नुपर्ने माग विज्ञप्तिमार्फत गरिएको छ।

यस्तै, महँगी तथा कालोबजारी नियन्त्रण गर्न प्रभावकारी संरचना र नीति कायम गर्न पनि आग्रह गरिएको छ। पेट्रोलियम पदार्थ र खाना पकाउने ग्याँसमा भइरहेको शृङ्खलाबद्ध मूल्यवृद्धि अविलम्ब रोक्नुपर्ने विज्ञप्तिमा उल्लेख छ। भ्रष्टाचार नियन्त्रण गर्न प्रभावकारी कदम चाल्नुका साथै २०४७ सालयताका उच्च पदस्थ व्यक्तिहरूको सम्पत्ति छानबीन गर्न पनि आग्रह गरिएको छ। राज्यकोषबाट सञ्चालित सबै निकाय र मन्त्रिपरिषद्बाट नीतिगत निर्णयको आवरणमा हुने भ्रष्टाचारसमेत अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यक्षेत्रमा समावेश गर्नुपर्ने विज्ञप्तिमा उल्लेख छ।

**गर्मी एवं वर्षात्को समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

औंलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिसजस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुङ्गुर, बङ्गुर, हाँस, घोडाजस्ता पशुपक्षीहरू व्यवस्थित ढङ्गले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपक्षीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड